# राष्ट्रिय ललितकला प्रदर्शनी कार्यविधि-२०८०

**स्वीकृत मितिः २०८०/०८/२९**
**प्रथम संसोधन मिति २०८१/०८/०२**

**प्रस्तावना :** बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक मुलुक नेपालको ललितकलाको संरक्षण, संवर्धन, प्रवर्धन एवं सर्वाङ्गीण विकास गर्दै नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान ऐन २०६४ को परिच्छेद २ दफा ५ (ट) मा व्यवस्था भएबमोजिम हुने **राष्ट्रिय ललितकला प्रदर्शनी**को सञ्चालनलाई व्यवस्थित गर्ने उद्देश्यले नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान नियमावली २०६८ को नियम ५७ ले दिएको अधिकार प्रयोग गरी बनेको राष्ट्रिय ललितकला प्रदर्शनी कार्यविधि-२०७६ लाई आवश्यक परिमार्जन गरी यो कार्यविधि बनाई लागु गरिएको छ ।

## १. सङ्क्षिप्त नाम, प्रारम्भ र प्रदेश तथा स्थानीय सरकारसँगको सम्बन्ध

(क) यस कार्यविधिको नाम **राष्ट्रिय ललितकला प्रदर्शनी कार्यविधि-२०८०** रहेको छ ।

(ख) प्राज्ञसभाबाट स्वीकृत भएको मितिबाट यो कार्यविधि लागु हुने छ ।

(ग) राष्ट्रिय ललितकला प्रदर्शनीमा प्रादेशिक ललितकला प्रदर्शनीबाट छनोट भई आएका प्रतियोगी कलाकृतिहरू, प्रतिष्ठानले आमन्त्रण गरेका कलाकारका कलाकृतिहरू र अन्य तोकिएका कलाकारका अप्रतियोगी कलाकृतिहरूसमेत समावेश हुने छन् ।

(घ) प्रादेशिक प्रदर्शनी प्रदेश सरकार, प्रदेश प्रज्ञा-प्रतिष्ठान, स्थानीय सरकार तथा स्थानीय तहका प्रज्ञा-प्रतिष्ठानहरू र सम्बन्धित प्रदेशका अन्य सरोकारवाला सङ्घ-संस्था र व्यक्तिहरूको सक्रिय सहयोगमा सञ्चालन हुने छ ।

(ङ) प्रादेशिक ललितकला प्रदर्शनी सञ्चालनका लागि छुट्टै **प्रादेशिक ललितकला प्रदर्शनी कार्यविधि** बनाई लागु गरिएको छ ।

## २. परिभाषा

(क) **प्रतिष्ठान** भन्नाले नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान भन्ने बुझ्नुपर्ने छ ।

(ख) **प्रदेश सरकार** भन्नाले सम्बन्धित प्रदेशको प्रदेश सरकार भन्ने बुझ्नुपर्दछ ।

(ग) **प्रदेश प्रज्ञा-प्रतिष्ठान** भन्नाले प्रदेश सरकारबाट प्रदेश स्तरमा गठन भएको प्रदेश प्रज्ञा-प्रतिष्ठान/परिषद्/समिति आदि भन्ने बुझ्नुपर्दछ ।

(घ) **स्थानीय सरकार** भन्नाले प्रदेशभित्रका स्थानीय तहका सरकार (पालिकाहरू) भन्ने बुझ्नुपर्दछ ।

(ङ) **स्थानीय तह प्रज्ञा-प्रतिष्ठान** भन्नाले प्रदेशभित्रका पालिकाहरूद्वारा गठन भएका स्थानीय तह प्रज्ञा-प्रतिष्ठान/परिषद्/समिति आदि भन्ने बुझ्नुपर्दछ ।

(च) **प्रादेशिक ललितकला प्रदर्शनी** भन्नाले राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश हुने प्रतियोगी र अप्रतियोगी कलाकृतिको छनोटका लागि प्रदेश स्तरमा प्रदेश सरकारसँगसमेतको सहकार्यमा गरिने ललितकला प्रदर्शनी भन्ने बुझ्नुपर्दछ ।

(छ) **राष्ट्रिय ललितकला प्रदर्शनी** भन्नाले प्रादेशिक ललितकला प्रदर्शनीमा समावेश भई सो प्रदर्शनीबाट राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश गर्न उपयुक्त भनी प्रदेश छनोट समितिबाट सिफारिस भएका कलाकृतिहरू, प्रदर्शनीमा प्राप्त अप्रतियोगी कलाकृतिहरू र प्रतिष्ठानले आमन्त्रण गरेका कलाकारका कलाकृतिहरू समावेश गरी राष्ट्रिय स्तरमा गरिने राष्ट्रिय ललितकला प्रदर्शनी भन्ने बुझ्नुपर्दछ ।

(ज) **प्राज्ञपरिषद्** भन्नाले नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानको प्राज्ञपरिषद् भन्ने बुझ्नुपर्दछ ।

(झ) **समिति, उपसमिति तथा अध्यक्ष, सह-अध्यक्ष, संयोजक र सह-संयोजक, सदस्य सचिव र सदस्यहरू** भन्नाले राष्ट्रिय ललितकला प्रदर्शनीका लागि गठन भएका यस कार्यविधिबमोजिमका समिति, उप-समितिहरू र तिनका पदाधिकारी र सदस्यहरू भन्ने बुझ्नुपर्दछ ।

(ञ) **प्रतियोगिता** भन्नाले राष्ट्रिय ललितकला प्रदर्शनीको प्रतियोगितामा समावेश हुने कलाकृतिहरूबिचको प्रतियोगिता भन्ने बुझ्नुपर्दछ ।

(ट) **आमन्त्रित कलाकार** भन्नाले प्रदर्शनीमा कलाकृति समावेश गर्न प्रज्ञा-प्रतिष्ठानले निमन्त्रणा गरेका कलाकार भन्ने बुझ्नुपर्दछ । यस्ता कलाकारका कलाकृतिलाई छनोट प्रक्रियामा राखिने छैन र प्रतियोगितामा समावेश पनि गराइने छैन ।

(ठ) **अप्रतियोगी कलाकृति** भन्नाले राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश भएका तर प्रतियोगितामा सहभागी नहुने कलाकृति भन्ने बुझ्नुपर्दछ । यस्ता कलाकृतिहरू छनोट प्रक्रियामा समावेश हुनुपर्ने छ ।

**(ड) नवप्रतिभा कलाकार भन्नाले** १६ वर्ष उमेर पुरा गरी २८ बर्ष ननाघेका ललितकला कलाकार भन्ने बुझ्नुपर्दछ ।

(ढ) **मौलिक कलाकृति** भन्नाले कसैको हुबहु नक्कल नगरिएको अरूको भन्दा भिन्न र आफ्नोपन भएको कलाकृति भन्ने बुझ्नुपर्दछ ।

(ण) तोकिएको भन्नाले प्राज्ञपरिषद्ले तोकेबमोजिम भन्ने बुझ्नुपर्दछ ।

## २. विधागत सहभागिता

राष्ट्रिय ललितकला प्रदर्शनीमा निम्न विधाका कलाकृतिहरू समाबेश हुन सक्ने छन् ।

१.परम्परागत चित्रकला (पौभा, थाङ्का)

२.समसामयिक चित्रकला (समसामयिक चित्र तथा प्रिन्टमेकिङ कला)

३.परम्परागत मूर्तिकला

४.आधुनिक/समसामयिक मूर्तिकला

५.लोककला (विभिन्न जातजातिका संस्कार, संस्कृति तथा भूगोलमा आधारित स्थानीय कलाहरू)

६.हस्तकला/शिल्पकला

७. वास्तुकला तथा अन्य सिर्जनात्मक (बहुआयामिक) कला

(क) वास्तुकला (शास्त्रीय) (Classic Architecture)

(ख) सिर्जनात्मक छविकला (Creative Photography)

(ग) भिडियो आर्ट :

(घ) प्रतिस्थापन कला (Installation Art)

(ङ) भावभङ्गिमा कला (Performance Arts)

(च) मौलिक दृष्टान्त चित्रकला, कार्टुन, क्यारिकेचर, पोस्टर र डिजिटल कला

## ३. प्रदर्शनीसम्बन्धी नियम तथा मापदण्डहरू :

### (क) प्रदर्शनीसम्बन्धी नियमहरू :

१) प्रदर्शनीमा सहभागी हुन चाहने कलाकारले अनुसूची १ अनुसारको प्रकाशित सूचनामा तोकिएको अवधि भित्र प्रतिष्ठानवाट र प्रदेशमा तोकिएको स्थानबाट उपलब्ध हुने

अनुसूची २ अनुसारको फाराम अनिवार्य रुपमा भरी आफ्नो स्थायी ठेगाना रहेको प्रदेशको प्रादेशिक  ललितकला प्रदर्शनीका लागि तोकिएको स्थानमा र कुनै कारणवश प्रादेशिक प्रदर्शनी हुन नसकेको खण्डमा यस प्रतिष्ठानले तोकेको स्थानमा आफ्नो कलाकृति दर्ता गराउनु पर्नेछ ।

२) अप्रतियोगी कलाकारले आफ्नो स्थायी ठेगाना रहेको प्रदेशमा हुने प्रादेशिक प्रदर्शनीमा वा सोझै राष्ट्रिय ललितकला प्रदर्शनीमा आ-आफ्ना कलाकृति बुझाउन सक्नेछन् तर प्रतियोगी कलाकार आफ्नो स्थायी ठेगाना रहेको प्रदेशमा हुने प्रादेशिक ललितकला प्रदर्शनीमा मात्र सहभागी हुन पाउनेछन् ।

३) प्रादेशिक ललितकला प्रदर्शनीमा समावेश भएका कलाकृतिमध्ये राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश गर्नका लागि छनोट भएका प्रतियोगी र अप्रतियोगी कलाकृति मात्र राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश हुन सक्ने छन् । तर-

(क) प्रज्ञा-प्रतिष्ठानबाट आमन्त्रण गरिएका वा अन्य तोकिएका कलाकारका कलाकृति र प्रतियोगितामा समावेश नहुने अप्रतियोगी कलाकृतिका हकमा सोझै राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश गराउन सकिने छ र त्यस्ता कलाकृतिहरूमध्ये प्रज्ञा-प्रतिष्ठानबाट आमन्त्रण गरिएका र अन्य तोकिएका कलाकारका कलाकृतिका लागि उपदफा (४) बमोजिम कलाकृति एक वर्षभित्रै सिर्जना गरिएको हुनुपर्ने र कुनै प्रदर्शनीमा समावेश नभएको हुनुपर्ने भन्ने तथा उपदफा (१४) बमोजिम छनोट/मूल्याङ्कन समितिले छनोट गरेपछि मात्र प्रदर्शनीमा समावेश गरिने भन्ने प्रावधान लागु हुने छैन तर विगतका राष्ट्रिय ललितकला प्रदर्शनीमा प्रदर्शित भइसकेका कलाकृतिहरू भने प्रदर्शनीका लागि मान्य हुने छैनन् । यस्ता आमन्त्रित वा तोकिएका अन्य कलाकारका कलाकृतिबाहेक अप्रतियोगी कलाकृतिका रूपमा सोझै राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश हुन दर्ता भएका कलाकृति पनि उपदफा (१४) को छनोट/मूल्याङ्कन समितिबाट छनोट भएपछि मात्र प्रदर्शनीमा समावेश हुन सक्ने छन् ।

(ख) कुनै कलाकारले आफ्नो कलाकृतिलाई प्रतियोगितामा समावेश नगर्ने भएमा कलाकृति बुझाउँदा भरिने फाराममै प्रस्ट रूपमा अप्रतियोगी भनी उल्लेख गरी बुझाउनुपर्ने छ । आफ्ना कलाकृति सिधै राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश

गर्न चाहने अप्रतियोगी कलाकारले प्रादेशिक तथा स्थानीय रूपमा पाउने सुविधा पाउने छैनन् ।

(ग) सोझै राष्ट्रिय प्रदर्शनीमा आफ्नो कलाकृति बुझाउने अप्रतियोगी कलाकारहरूले आफ्ना कलाकृतिको डिजिटलप्रति पठाई छनोट/मूल्याङ्कन समितिबाट सो आधारमा छनोट भएपछि मात्र कलाकृति बुझाउन ल्याउन पनि सक्ने छन् ।

४) प्रदर्शनीमा प्रतियोगिताका लागि समावेश गरिने कलाकृतिहरू र अप्रतियोगी कलाकृतिहरूसमेत एक वर्षभित्र रचना गरिएको मौलिक हुनुका साथै कुनै पनि प्रदर्शनीमा समावेश नभएको हुनुपर्ने छ तर प्रतिस्थापन कलाका हकमा २ वर्षभित्रको कामलाई पनि मान्यता दिइने छ ।

५) हुबहु नक्कल गरिएको (Copy Work ) कलाकृतिलाई प्रदर्शनीमा समावेश गराइने छैन ।

६) कलाकृतिको माध्यम विविध हुन सक्ने छ ।

७) प्रदर्शनीमा सहभागी हुने कलाकार १८ वर्ष उमेर पूरा गरेको नेपाली नागरिक हुनुपर्ने छ तर नवप्रतिभा कलाकारका हकमा भने १६ बर्ष उमेर पुरा गरी २८ बर्ष ननाघेको हुनुपर्नेछ

८) प्रादेशिक प्रदर्शनीहरुबाट राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश गर्न सबै प्रदेशबाट सिफारिस भई आएका नवप्रतिभा कलाकारहरूका कलाकृतिहरूबिच मात्र प्रतियोगिता गराई नवप्रतिभा कलाकारका सबै विधाका कलाकृतिमध्ये एक विधामा उत्कृष्ट हुने कलाकृतिलाई 'उत्कृष्ट नवप्रतिभा ललितकला राष्ट्रिय पुरस्कार' प्रदान गरिने छ तर कम्तीमा ५ वटा कलाकृति सहभागी भएको अवस्थामा मात्र यो प्रतियोगिता गराइने छ ।

९) सहभागी हुन चाहने कलाकारले कलाकृति बुझाउँदा निम्न कागजातहरू बुझाउनुपर्ने छ ।

(क) नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि

(ख) पासपोर्ट साइजको कलाकारको फोटो १ प्रति

(ग) पोस्टकार्ड साइजको कलाकृतिको रङ्गिन फोटो १ प्रति

(घ) आफ्नो व्यक्तिगत विवरण (बायोडाटा)

(ङ) विद्यार्थी भए विद्यार्थी भएको आधिकारिक प्रमाण

(च) कलाकारले कलाकृतिको डिजिटल फाइल अनिवार्य रूपमा बुझाउनुपर्ने छ ।

१०) प्राप्त कलाकृतिलाई प्रदर्शनी वा प्रतियोगितामा सहभागिताका लागि कार्यविधिबमोजिमको छनोट/मूल्याङ्कन समितिले छनोट गरी बाग्मती प्रदेशको हकमा प्राज्ञपरिषद् र अन्य प्रदेशको हकमा प्राज्ञपरिषद् वा तोकिएको समितिमा सिफारिस गर्ने छ । छनोट समितिको सिफारिसलाई यथावत् रूपमा अनुमोदन गर्ने वा नगर्ने सम्पूर्ण अधिकार प्राज्ञपरिषद् वा सो तोकिएको समितिमा रहने छ ।

११) प्रतियोगितामा सहभागी हुन चाहने कलाकारले फाराम शुल्कबापत तोकिएको रकम बुझाउनुपर्ने छ तर आमन्त्रित कलाकारले यो शुल्क बुझाउनुपर्ने छैन ।

१२) एक जना कलाकारले बढीमा कुनै पनि विधाका दुईओटासम्म कलाकृतिहरू बुझाउन सक्ने छन् ।

१३) प्रादेशिक प्रदर्शनीबाट सिफारिस भई राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश गर्न छनोट भएका प्रतियोगी कलाकृतिमध्ये छनोट/मूल्याङ्कन समितिले मूल्याङ्कन गरी यस कार्यविधिको दफा ५ बमोजिम पुरस्कृत गर्नका लागि प्राज्ञपरिषद्समक्ष सिफरिस गर्ने छ ।

१४) प्रादेशिक ललितकला प्रदर्शनीबाट राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश गर्न सिफारिस भई आएका कलाकृतिहरूमध्ये माथि उपदफा (१२) मा उल्लेख भएबमोजिम राष्ट्रिय पुरस्कारका लागि सिफारिस भएका कलाकृतिहरूबाहेक बाँकी कलाकृतिहरूमध्येबाट छनोट/मूल्याङ्कन समितिले मूल्याङ्कन गरी प्रदेशगत रूपमा प्रत्येक प्रदेशका लागि 'प्रादेशिक ललितकला प्रदर्शनी कार्यविधि २०८०' को दफा ५ मा व्यवस्था भएबमोजिम प्रादेशिक पुरस्कारका लागि प्राज्ञपरिषद्समक्ष सिफारिस गर्ने छ ।

१५) प्रादेशिक प्रदर्शनीबाट नवप्रतिभा कलाकारका कलाकृतिको सूचीमा सिफारिस भई आएका कलाकृतिमध्ये सबै विधामा उत्कृष्ट एउटा कलाकृतिलाई उत्कृष्ट नवप्रतिभा कलाकार ललितकला राष्ट्रिय पुरस्कार प्रदान गरिने छ ।

१६) प्रादेशिक प्रदर्शनीबाट राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश गर्न सिफारिस भई आएका कलाकृतिलाई पुनः छनोट प्रक्रियामा राखिने छैन तर आमन्त्रण गरिएका वा तोकिएका अन्य कलाकृतिबाहेक अप्रतियोगी कलाकृतिका रूपमा प्रादेशिक प्रदर्शनी वा राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश गर्नका लागि दर्ता भएका कलाकृति भने छनोट/मूल्याङ्कन समितिको सिफारिसबमोजिम मात्र प्रदर्शनीमा समावेश गराइने छ ।

१७) प्रदर्शनीमा राख्न उपयुक्त अप्रतियोगी कलाकृतिको छनोट गर्न र प्रादेशिक प्रदर्शनीबाट राष्ट्रिय प्रदर्शनीमा समावेश गर्न सिफारिस भई आएका प्रतियोगी कलाकृतिको मूल्याङ्कन गरी पुरस्कृत गर्नका लागि कार्यविधिबमोजिम कलाकृति छनोट/मूल्याङ्कन समिति बनाइने छ र सो समितिले कलाकृतिको मूल्याङ्कन गरी पुरस्कारका लागि प्राज्ञपरिषद्मा सिफारिस गर्ने छ । छनोट/मूल्याङ्कन समितिबाट सिफारिस भई आएका पुरस्कारहरूका सम्बन्धमा अन्तिम निर्णय गर्ने अधिकार प्राज्ञपरिषद्मा निहित रहने छ ।

१८) एक जना कलाकार लगातार तीन पटक ( लगातार तीनओटा राष्ट्रिय ललितकला प्रदर्शनीमा) सम्म पुरस्कृत हुन सक्ने छ । लगातार तीन पटकसम्म सर्वोत्कृष्ट राष्ट्रिय पुरस्कार पाएमा त्यस्तो कलाकारलाई ललितकला प्रज्ञा स्वर्ण पदक प्रदान गरिने छ ।

१९) प्रादेशिक प्रदर्शनीमा समावेश भई राष्ट्रिय ललितकला प्रदर्शनीका लागि छनोट भएका कलाकृति प्रतिष्ठानकै तर्फबाट प्रदेश देखि केन्द्रसम्म ल्याउने  र प्रदर्शनी समाप्त भएपछि सम्बन्धित प्रदेशसम्म पुऱ्याउने व्यवस्था गरिने छ । त्यसरी प्रदेशमा पुऱ्याइएका कलाकृति प्रदेशमा पुऱ्याएको एक हप्ताभित्र र राष्ट्रिय प्रदर्शनीमा सोझै समावेश भएका वा काठमाडौंमा आयोजना भएको बागमती प्रादेशिक प्रदर्शनीमाबाट छनोट भई राष्ट्रिय प्रदर्शनीमा समावेस भएका कलाकृतिहरू राष्ट्रिय प्रदर्शनी सकिएको एक हप्ताभित्र र प्रादेशिक प्रदर्शनीका लागि छनोट नभएका वा प्रादेशिक प्रदर्शनीमा समावेस भई राष्ट्रिय प्रदर्शनीका लागि छनोट नभएका कलाकृतिहरु त्यसरी छनोट नभएका  सात दिन भित्र सम्बन्धित व्यक्तिले फिर्ता लैजानुपर्ने छ । तोकिएको समयभित्र फिर्ता नलगी कलाकृति हराएमा, बिग्रिएमा वा कुनै हानि-नोक्सानी भएमा प्रतिष्ठान जिम्मेवार हुने छैन ।

२०) भवितव्य परी  कुनै पनि कलाकृतिहरूको हानि नोक्सानी हुन गएमा प्रतिष्ठान जबाफदेही हुने छैन ।

२१) प्रदर्शनीलाई समयबद्ध र व्यवस्थित रूपमा सञ्चालन गर्न प्रत्येक वर्ष राष्ट्रिय तथा प्रादेशिक ललितकला प्रदर्शनीको प्रक्रिया सुरु हुनुभन्दा अगाडि नै प्राज्ञपरिषद्बाट प्रदर्शनीको कार्यतालिका (क्यालेन्डर) तयार गर्नुपर्ने छ र यसरी तयार भएको कार्यतालिका यस कार्यविधिको अभिन्न अङ्ग हुने छ ।

**(ख) प्रदर्शनीसम्बन्धी मापदण्डः**

(१) चित्रकला :

(क) समसामयिक चित्रकला : फ्रेमबाहेक न्यूनतम आकार २×२ र अधिकतम आकार ६×६ फिटसम्मको हुनुपर्ने छ ।

(ख) परम्परागत चित्रकला : फ्रेमबाहेक न्यूनतम आकार १×१ र अधिकतम आकार ६×६ फिटसम्मको हुनुपर्ने छ ।

(ग) प्रिन्टमेकिङः : पेन्टिङको साइज न्यूनतम आकार १×१ र अधिकतम आकार ६×६ फिटसम्मको हुनुपर्ने छ ।

(२) मूर्तिकला : स्ट्यान्ड वा प्याडेस्टलबाहेक १ फुटभन्दा माथिको र अधिकतम ६×६×६ फुटसम्मको हुनुका साथै बढीमा १५० किलोग्रामसम्म तौलको हुनुपर्ने छ । सजिलैसँग टुटफुट हुन सक्ने मूर्तिहरू टुटफुट हुन गएमा प्रतिष्ठान  जिम्मेवार हुने छैन ।

(३) वास्तुकला/शास्त्रीय (Architecture - classic) मौलिक र सोको सृजनात्मक मोडेल घटीमा (बेसमेन्टबाहेक) २×१.५×१ र बढीमा ६×४×३ फिटसम्मको हुनुपर्ने छ । साथै त्यसको ड्रइङ वा स्केचसमेत साथै पेस गरेको हुनुपर्ने छ ।

(४) सिर्जनात्मक छविकला (Creative Photography): कम्तीमा २×२ देखि बढीमा ३×३ फुटसम्मको (फ्रेमसहित) हुनुपर्ने छ ।

(५) भिडियो आर्ट : बढीमा २ ओटा क्लिप्ससम्म अधिकतम ३ मिनेटको Pendrive/DVD मा सम्पादनसहितको २ थान पेस गर्नुपर्ने छ ।

(६) प्रतिस्थापन कला (Installation Art): प्रतिस्थापन कला (Installation Art) प्रतियोगितामा सहभागी हुन चाहने कलाकारले  कलाकृति बुझाउन तोकिएको म्यादभित्रै बढीमा २०० शब्दको अवधारणा-पत्र (concept paper) र ३/४ साइडको एक एकप्रति तस्बिर अनिवार्य रूपमा बुझाउनुपर्ने छ र छनोट समितिले सोही अवधारणा-पत्र (concept paper) र तस्बिरका आधारमा  छनोट गर्ने छ । छनोट समितिबाट छनोट भएमा मूल्याङ्कन समितिबाट मूल्याङ्कनका लागि प्रतिष्ठानले तोकेको स्थान, मिति र समयमा बढीमा १०० वर्गफुट क्षेत्रमा आफ्नो कलाकृति प्रदर्शित गर्नुपर्ने छ । मूल्याङ्कन समितिबाट मूल्याङ्कन भइसकेपछि  प्रदर्शनी हुनुभन्दा ३ (तीन) दिन अगाडि नै तोकिएको  स्थानमा आफ्नो कलकृति प्रदर्शनीका लागि प्रतिष्ठापन गर्नुपर्ने छ । प्रतिष्ठापन कला (Installation Art ) दुई वर्षभित्र कतै प्रदर्शित भएको भए पनि प्रदर्शनीमा समावेश गरिने छ ।

(७) भावभङ्गिमा कला : (Performance Arts) प्रदर्शनीमा कलाकृति बुझाउन तोकिएको म्यादभित्रै तोकिएको दरखास्तसाथ बढीमा २०० शब्दको अवधारणा-पत्र

(Concept paper ) र बढीमा ५ मिनेटसम्मको Video Clip अनिवार्य बुझाउनुपर्ने छ । उक्त अवधारणा-पत्र (concept paper) र video clip छनोट/मूल्याङ्कन समितिबाट स्वीकृत भएमा मूल्याङ्कनका लागि (concept paper) र Video Clip मूल्याङ्कन समितिसमक्ष तोकिएको स्थान, मिति र समयमा प्रस्तुत गर्नुपर्ने छ । त्यसपछि मात्र सो कृति प्रादेशिक ललितकला प्रदर्शनीमा समावेश गराइने छ ।

(८) मौलिक दृष्टान्त चित्रकला, कार्टुन, क्यारिकेचर, पोस्टर र डिजिटल कलाः

(क) मौलिक दृष्टान्त चित्रकला :
मौलिक दृष्टान्त कलाको न्यूनतम आकार ८x१२ र अधिकतम १४ x२४ इन्चसम्मको एक वा एकभन्दा बढी शृङ्खला हुनुपर्ने छ ।

(ख) कार्टुन, क्यारिकेचर, पोस्टर र डिजिटल कलाः
न्यूनतम आकार १५ ×२२ इन्च र अधिकतम २४×३६ इन्चसम्मको हुनुपर्ने छ ।

(९) लोककला : न्यूनतम आकार १×१ र अधिकतम आकार ६×६ फुटसम्मको हुनुपर्ने छ ।

(१०) हस्तकला :

(क) अधिकतम आकार ६ फिटसम्मको हुनुपर्नेछ ।

(ख) बहुमूल्य कलाकृति भएमा वा ६ इन्चभन्दा सानो कलाकृति भएमा सुरक्षित हुने किसिमले न्यूनतम ६ x ६ x ६ इन्चसम्मको पारदर्शी बाकसमा राखी ल्याउनुपर्ने छ ।

४. प्रदर्शनीलाई व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि निम्नअनुसार विभिन्न समितिहरू रहने छन् ।

**(क) छनोट/मूल्याङ्कन समिति :**

(१) प्रदर्शनीमा समावेश गर्न प्राप्त अप्रतियोगी कलाकृति प्रदर्शनीका लागि छनोट गर्न र प्रादेशिक प्रदर्शनीबाट राष्ट्रिय प्रदर्शनीमा समावेश गर्न सिफारिस भई आएका कलाकृतिको मूल्याङ्कन गरी प्रादेशिक र राष्ट्रिय पुरस्कारका लागि सिफारिस गर्न प्राज्ञपरिषद्बाट सकेसम्म सबै कला विधाको प्रतिनिधित्व हुने गरी बढीमा ५ जनासम्म विज्ञ कलाकारहरू रहेको कलाकृति छनोट/मूल्याङ्कन समिति गठन गरिने छ ।

(२) प्रदेश छनोट समितिले प्रादेशिक प्रदर्शनीका लागि प्राप्त कलाकृतिहरूमध्येबाट प्रदर्शनीमा राख्नका लागि छनोट भएका कलाकृतिहरूमध्ये राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश गर्न उपयुक्त कलाकृतिहरू सिफारिससाथ प्रतिष्ठानमा पठाउने छ ।

(३) प्रदेश छनोट समितिबाट राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश गर्न उपयुक्त भनी सिफारिस नभएका प्रतियोगी कलाकृति र प्रादेशिक प्रदर्शनीमा समावेश भएका अप्रतियोगी कलाकृतिलाई राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश गराइने छैन
तर कुनै कारणले प्रदेश प्रदर्शनी हुन नसकेको अवस्थामा प्रज्ञा-प्रतिष्ठानले बिशेष ( वैकल्पिक) व्यवस्था गर्न सक्ने छ ।

(४) कुनै पनि विधामा सामान्यतया कम्तीमा ५ जना कलाकारहरूको सहभागिता नभएमा सो विधालाई पुरस्कारका लागि सिफारिस गरिने छैन ।

(५) छनोट/मूल्याङ्कन समितिले कलाकृति छनोट गर्दा निम्न आधारसमेतलाई ध्यानमा राख्नुपर्ने छ :

(क) कलाकृतिको मौलिकतामा ध्यान दिनुपर्ने ।

(ख) एक वर्षभित्र बनाइएको कलाकृति हो/होइन यकिन गर्नुपर्ने ।
(ग) भौगोलिक क्षेत्रलाई समेत आधार बनाउनुपर्ने ।
(घ) कलाकृति मापदण्डअनुसारको छ/छैन यकिन गर्नुपर्ने ।
(ङ) कलाकृति कसैको हुबहु नक्कल (copy) गरिएको हो/होइन ? यकिन गर्नुपर्ने ।
(च) अन्य सिर्जनात्मक कलाअन्तर्गत भावभङ्गिमा कला र प्रतिस्थापन कलाका हकमा दुई वर्षअघि तयार भएको कलाकृतिलाई समेत मान्यता दिनुपर्ने छ ।
(छ) कामको निरन्तरता र कलाक्षेत्रमा पुऱ्याएको योगदानलाई पनि आधार बनाउनुपर्ने ।

**(ख) अनुशासन समिति :**

(१) राष्ट्रिय ललितकला प्रदर्शनी सञ्चालन गर्ने क्रममा कसैले प्रदर्शनीमा बाधा अवरोध वा हानि नोक्सानी पुग्ने गरी कुनै क्रियाकलाप गरेमा प्रचलित कानुनबमोजिम सम्बन्धित निकायबाट हुने कारबाही र क्षतिपूर्ति भराउन लगाउनका अतिरिक्त त्यस्तो क्रियाकलापमा संलग्न व्यक्ति कलाकार भए जाँचबुझ गरी अनुशासनको कारबाही गर्न राष्ट्रिय ललितकला प्रदर्शनी कार्यकारी समितिका संयोजकका अध्यक्षतामा निम्नअनुसार सदस्यहरू रहेको राष्ट्रिय ललितकला प्रदर्शनी अनुशासन समिति गठन गरिने छ ।

(१) राष्ट्रिय ललितकला प्रदर्शनी कार्यकारी समिति संयोजक : अध्यक्ष
(२) प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव : सदस्य
(३) प्राज्ञपरिषद् सदस्यहरूमध्येबाट परिषद्ले मनोनयन गरेको एक जना प्राज्ञपरिषद् सदस्य : सदस्य
(४) प्राज्ञसभा सदस्यहरूमध्येबाट प्राज्ञपरिषद्ले मनोनयन गरेको एक जना सदस्य : सदस्य
(५) कानुन विज्ञ एक जना : सदस्य

(२) प्रदर्शनीलाई बाधा अवरोध वा क्षति पुग्ने के-कस्तो क्रियाकलाप गरेको हो ? जाँचबुझ गरी त्यस्तो बाधा अवरोध वा क्षति पुऱ्याउने व्यक्तिसँगसमेत सोधपुछका साथै निजलाई सफाइको मौकासमेत दिई निज कलाकार भएमा घटनाको प्रकृति हेरी अनुशासन समितिले निम्न कारबाही गर्न सक्ने छ ।

(क) सचेत गराउने,
(ख) अर्को वर्ष हुने एउटा प्रादेशिक र राष्ट्रिय ललितकला प्रदर्शनीमा सहभागी हुन नपाउने गर्ने,
(ग) आगामी एक वर्षसम्म प्रादेशिक र राष्ट्रिय ललितकला प्रदर्शनीलगायत नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानबाट सञ्चालित कुनै पनि क्रियाकलापमा सहभागी हुन नपाउने गर्ने,
(घ) तीन वर्षसम्म राष्ट्रिय तथा प्रादेशिक ललितकला प्रदर्शनीलगायत नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानबाट सञ्चालित कुनै पनि क्रियाकलापमा सहभागी हुन नपाउने गर्ने,
(ङ) पाँच वर्षसम्म राष्ट्रिय तथा प्रादेशिक ललितकला प्रदर्शनीलगायत नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानबाट सञ्चालित कुनै पनि क्रियाकलापमा सहभागी हुन नपाउने गर्ने,
(च) राष्ट्रिय ललितकला प्रदर्शनीलगायत नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानबाट सञ्चालित कुनै पनि क्रियाकलापमा आजीवन सहभागी हुन नपाउने र प्रज्ञा-प्रतिष्ठानबाट प्रदान गरिएको परिचय-पत्र भए सोसमेत फिर्ता लिने गर्ने,

(छ) आरोपित व्यक्ति प्रज्ञा-प्रतिष्ठानको प्राज्ञपरिषद् वा प्राज्ञसभा सदस्य भएमा प्राज्ञपरिषद् सदस्य भए परिषद्मा र प्राज्ञसभा सदस्य भए प्राज्ञसभामा आवश्यक कारबाही हुनका लागि अनुशासन समितिले सिफारिस गर्ने छ ।

(ज) कर्मचारी भए अनुशासन समितिको सिफारिसमा कसुर हेरी प्रचलित कानुनबमोजिम विभागीय कारबाही हुने छ ।

(झ) अन्य व्यक्तिले त्यस्तो गतिविधि गरेमा समितिको प्रतिवेदनसहित कारबाहीका लागि सम्बन्धित निकायमा पठाइने छ ।

(ञ) यस्तो अनुशासनको कारबाही गर्नुपूर्व आरोपित व्यक्तिलाई सफाइको उचित मौका दिनुपर्ने छ ।

(ट) त्यस्तो घटना घटाएको अवस्थामा प्रत्यक्ष देख्ने वा जानकार व्यक्तिहरूलाई समितिले बोलाई उनीहरूबाट घटना सम्बन्धमा आवश्यक जानकारी लिन सक्ने छ ।

## ५. पुरस्कारको व्यवस्था

(१) प्रादेशिक ललितकला प्रदर्शनीमा समावेश भई सो प्रदर्शनीबाट राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश गर्न सिफारिस भई राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश भएका प्रतियोगी कलाकृतिहरूमध्ये उत्कृष्ट कलाकृतिलाई निम्नानुसार पुरस्कारको व्यवस्था गरिने छ ।

(क) सर्वोत्कृष्ट राष्ट्रिय ललितकला पुरस्कार

(ख) ललितकला विधागत राष्ट्रिय पुरस्कार

(ग) उत्कृष्ट नवप्रतिभा कलाकार ललितकला राष्ट्रिय पुरस्कार भन्ने बुझ्नुपर्दछ ।

(क) सर्वोत्कृष्ट राष्ट्रिय ललितकला पुरस्कार - सबै विधाहरूमध्येबाट सर्वोत्कृष्ट एक जनालाई

(ख) ललितकला विधागत (राष्ट्रिय) पुरस्कार निम्नानुसार दिइने छ :

| | | |
|---|---|---|
| १. चित्रकला | | |
| (क) परम्परागत चित्रकला | - | एक जनालाई |
| (ख) समसामयिक/आधुनिक चित्रकला | - | एक जनालाई |
| २. मूर्तिकला | | |
| (क) परम्परागत/मूर्तिकला | - | एक जनालाई |
| (ख) समसामयिक/आधुनिक मूर्तिकला | - | एक जनालाई |
| ३. शिल्प- हस्तकला | - | एक जनालाई |
| ४. वास्तु तथा लोककला (चित्र/मूर्ति) | | दुई जनालाई |
| ५. वहुआयामिक तथा अन्य सिर्जनात्मक कला | - | एक जनालाई |
| ६. उत्कृष्ट नवप्रतिभा कलाकार ललितकला राष्ट्रिय पुरस्कार | | एक जनालाइ |

(२) राष्ट्रिय स्तरका माथि उल्लिखित पुरस्कारका लागि कलाकृतिको मूल्याङ्कन गरी सिफारिस गरिसकेपछि छनोट/मूल्याङ्कन समितिले राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश भई केन्द्रीय स्तरको पुरस्कार नपाएका प्रतियोगी कलाकृतिहरूमध्येबाट मूल्याङ्कन गरी प्रादेशिक ललितकला प्रदर्शनीसम्बन्धी कार्यविधि २०८० को दफा ५ मा व्यवस्था भएबमोजिमका प्रादेशिक पुरस्कारहरूका लागि प्रदेशगत रूपमा सिफारिस गर्ने छ ।

(३) पुरस्कारको राशि सम्बन्धमा आवश्यकताअनुसार प्राज्ञपरिषद्बाट निर्णय भई अनुसूची १ अनुसारको प्रकाशित सूचनामा उल्लेख गरिने छ ।

**६. क्याटलग प्रकाशन :**

पुरस्कारका लागि मूल्याङ्कन भइसकेपछि सबै कलाकृतिको फोटो खिची कलाकारको सामान्य परिचयसहित कलाकार र कलाकृतिको फोटो राखी पुरस्कृत कलाकृतिसमेत खुल्ने गरी प्रदर्शनीको क्याटलग प्रकाशन गरिने छ ।

**७. कलाकृति सजाउने (Display) :**

(क) दफा ६ बमोजिम फोटो खिच्नेलगायत कार्य सकिएपछि कलाकृति प्रदर्शनी स्थलमा व्यवस्थित रूपमा सजाउने (Display ) कार्य हुने छ ।

(ख) कलाकृति डिस्प्ले गर्दा सकेसम्म प्रदेशगत रूपमा गरिने छ ।

(ग) सम्भव भएसम्म अप्रतियोगी कलाकारहरूका कलाकृति छुट्टै स्थानमा Display गरिने छ ।

**८. अतिरिक्त कार्यक्रमहरू :** राष्ट्रिय ललितकला प्रदर्शनी अवधिभित्र सम्भव भएसम्म आर्ट टक, आर्ट डिमोन्स्ट्रेसन, आर्ट वर्कसप, कला पुस्तक प्रदर्शनी र ख्यातिप्राप्त कलाकारसँग अन्तर्क्रिया जस्ता कार्यक्रमहरूको आयोजना गरिने छ ।

**९. कार्यान्वयन समिति**

राष्ट्रिय ललितकला प्रदर्शनीलाई व्यवस्थित र पूर्ण जनसहभागितामूलक बनाई सफल बनाउन प्राज्ञपरिषद्ले एक मूल आयोजक समितिको गठन गर्ने छ । मूल आयोजक समितिले कार्यकारी समिति र कार्यकारी समितिले विभिन्न उपसमितहरू गठन गरी सो समितिका संयोजक र सदस्यहरूको मनोनयन गर्ने छ ।

**(क) मूल आयोजक समितिको गठन व्यवस्था**

१. संयोजक - एक जना

२. सह-संयोजक - एक जना

३. सदस्य सचिव - एक जना

४.सदस्यहरू - आवश्यकताअनुसार मनोनीत गरिने छ ।

**(ख) कार्यकारी समिति**

मूल आयोजक समितिले प्रदर्शनीको कार्यसम्पादन गर्न तपसिलअनुसारको एक कार्यकारी समिति गठन गर्ने छ ।

१. संयोजक - एक जना

२. सह-संयोजक - एक जना

३. सचिव - एक जना

४. सदस्यहरू - विभिन्न उपसमितिका संयोजकहरू पदेन सदस्य र अन्य आवश्यकताअनुसार हुने छन् ।

**(ग) उपसमितिहरू गठनको व्यवस्थाः**

(१) प्रदर्शनीलाई व्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यकताअनुसार निम्न ७ वटा उप-समितिहरू रहने छन् :

(क) प्रकाशन उपसमिति

(ख) प्रदर्शनी (डिस्प्ले) उपसमिति

(ग) प्रचार-प्रसार उपसमिति

(घ) आर्थिक व्यवस्थापन उपसमिति

(ङ) कलाकृति सङ्कलन उपसमिति

(च) सुरक्षा, स्वास्थ्य तथा स्वयंसेवक उपसमिति
(छ) विविध कला गतिविधि व्यवस्थापन उपसमिति

(२) उप-समितिको गठन निम्नानुसार हुने छ :

(क) संयोजक - एक जना
(ख) सचिव - एक जना
(ग) सदस्यहरू -आवश्यक ठानिएका कार्यकारी समिति र उपसमिति आफैँले तोकेका व्यक्तिहरू ।

**१०. <u>समिति तथा उपसमितिहरूका काम कर्तव्य र अधिकार</u>**

समिति, उपसमितिहरूको काम कर्तव्य र अधिकारहरू निम्नबमोजिम हुने छ ।

**(क) <u>मूल आयोजक समितिको काम, कर्तव्य र अधिकार</u>**

(१) राष्ट्रिय ललितकला प्रदर्शनीलाई भव्यताका साथ आयोजना गर्ने/गराउने ।
(२) कार्यकारी समितिको गठन गर्ने ।
(३) कार्यक्रमको अनुगमन गर्ने ।
(४) निर्देशन दिने ।

**(ख) <u>कार्यकारी समितिको काम, कर्तव्य र अधिकार</u>**

(१) प्रादेशिक र राष्ट्रिय ललितकला प्रदर्शनीलाई भव्यताका साथ आयोजना गर्ने/गराउने ।
(२) विभिन्न उप-समितिहरू गठन र क्युरेटर नियुक्ति गरी कार्य तोक्ने ।
(३) समिति,उपसमिति र आवश्यकताअनुरूप विभिन्न निकाय तथा व्यक्तिहरूसँग समन्वयन गर्ने ।
(४) स्वीकृत बजेट सिलिङभित्र रही यस कार्यविधिको दफा ९ मा उल्लेख भएका शीर्षकहरूमा र आवश्यकताअनुसार अन्य शीर्षकसमेत कायम गरी ती शीर्षकहरूमा तथा उपसमितिहरूका लागि बजेट बाँडफाड गर्ने ।
(५) प्रदर्शनीसम्बन्धी सूचना विज्ञापन समयमा गर्ने ।
(६) समुद्घाटन गर्ने व्यक्तित्वको चयन गर्ने, हल बुक गर्ने/गराउने र निमन्त्रणा कार्ड छाप्ने ।
(७) प्रमुख अतिथिको समय लिने ।
(८) ब्यानर, पाल, स्टेज, खाजा, आदिको व्यवस्था गर्ने ।
(९) आवश्यक कर्मचारी खटाउने ।
(१०) समापन समारोहका लागि अतिथि चयन गरी समय लिने ।
(११) समीक्षा बैठकको आयोजना गर्ने ।
(१२) नियमानुसार कार्यक्रमसम्बन्धी बोलपत्र तथा दरभाउ-पत्र लिई स्वीकृत गर्ने ।
(१३) प्रदर्शनी सम्पन्नपश्चात् सम्पूर्ण आम्दानी खर्चको प्रतिवेदन तथा फाँटवारी परिषद्मा पेस गर्ने/गराउने ।
(१४) प्रादेशिक प्रदर्शनी सम्पन्न भएपछि छनोट समितिबाट राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश गर्न छनोट भएका कलाकृतिलाई राष्ट्रिय ललितकला प्रदर्शनीका लागि पठाउने ।

**(ग) <u>प्रकाशन उपसमितिको काम, कर्तव्य र अधिकार</u>**

(१) क्याटलगको डिजाइन तथा मुद्रण गर्ने/गराउने ।
(२) क्याटलग वितरण गर्ने/गराउने ।

**(घ) <u>प्रदर्शनी (डिस्प्ले) उपसमितिको काम, कर्तव्य र अधिकार</u>**

(१) कलाकृतिहरूलाई व्यवस्थित ढङ्गबाट प्रदर्शन गर्न/गराउन क्युरेटरसँग समन्वय गर्ने ।

**(ङ) प्रचार-प्रसार उपसमितिको काम, कर्तव्य र अधिकार**

(१) प्रदर्शनीको प्रचार-प्रसारको कार्य गर्ने/गराउने ।

(२) प्रेस कन्फरेन्स आयोजना गर्ने व्यवस्था मिलाउने ।

(३) प्रेस रिलिज गर्ने/गराउने ।

**(च) आर्थिक व्यवस्थापन उपसमितिको काम, कर्तव्य र अधिकार**

(१) राष्ट्रिय ललितकलासम्बन्धी आर्थिक निर्देशिका बनाउने ।

(२) अनुमानित बजेट बनाई कार्यसमितिमा स्वीकृतिका लागि पेस गर्ने ।

(३) समिति, उपसमितिहरूका लागि पारित बजेट निकासा गर्ने ।

(४) प्रदर्शनी सम्पन्न भएपछि पेश्की फछ्र्योट गर्न लगाउने ।

**(छ) कलाकृति सङ्कलन उपसमितिको काम, कर्तव्य र अधिकार**

(१) यस कार्यविधिमा व्यवस्था भएबमोजिम सोझै राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश हुने आमन्त्रित र अप्रतियोगी कलाकृति सङ्कलन गर्ने/गराउने र प्रादेशिक प्रदर्शनीबाट राष्ट्रिय ललितकला प्रदर्शनीका लागि सिफारिस भएका कलाकृतिहरू प्रदेशबाट केन्द्रमा ल्याउने व्यवस्था मिलाउने ।

(२) प्रदर्शनी समाप्त भएपछि प्रदेश स्तरबाट आएका कलाकृतिहरू सम्बन्धित प्रदेशमा पठाउने र सोझै राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश कलाकृतिहरू सम्बन्धित कलाकारलाई  फिर्ता पठाउन आवश्यक पहल गर्ने ।

**(ज) सुरक्षा, स्वास्थ्य तथा स्वयंसेवक उपसमिति**

(१) प्रदर्शनी अवधिभर समारोह एवम् प्रदर्शित कलाकृतिहरूको सुरक्षाका लागि उचित व्यवस्था मिलाउने ।

(२) प्राथमिक उपचारका औषधि एवम् अन्य सामग्रीको व्यवस्थापन गर्नुका साथै उद्घाटन र समापनको बेला कुनै आकस्मिक सेवाका लागि एम्बुलेन्सको व्यवस्था गर्ने/गराउने ।

(३) प्रदर्शनीको उचित व्यवस्थापनका लागि आवश्यकताअनुसार स्वयंसेवकको व्यवस्था मिलाउने ।

**(झ) अतिरिक्त क्रियाकलाप व्यवस्थापन उपसमिति**

प्रदर्शनी अवधिभर गरिने विविध (आर्ट टक, आर्ट डिमोन्स्ट्रेसन, आर्ट वर्कसप, कला पुस्तक प्रदर्शनी र ख्यातिप्राप्त कलाकारसँग अन्तर्क्रिया) कार्यक्रमहरूका लागि आवश्यक व्यवस्था मिलाउने ।

**११. राष्ट्रिय ललितकला प्रदर्शनीका लागि खर्च शीर्षक**

(क) विनियोजित बजेट निम्न शीर्षकमा बाँडफाड गरिने छ ।

१. पुरस्कार

२. क्याटलग छपाइ

३. विज्ञापन

४. समारोह

५. प्रमाण-पत्र, ब्यानर, निमन्त्रणा आदि छपाइ

६. खाजा र खाना

७. क्युरेटर तथा अन्य सहयोगी

८. निर्णायक र अन्य भत्ता
९. यातायात र अन्य विविध
१०. फोटोग्राफी तथा भिडियोग्राफी
११. सुरक्षा, स्वयंसेवक, अतिरिक्त क्रियाकलाप आदि
१२. विविध

(ख) आर्थिक व्यवस्थापन उपसमितिले विभिन्न समिति, उपसमितिहरूलाई स्वीकृत बजेटमध्येबाट आवश्यकताअनुसार पेस्कीका रूपमा रकम उपलब्ध गराउने छ।

(ग) प्रदर्शनी सम्पन्न भएको १५ दिनभित्र सबै समिति उपसमितिहरूले आर्थिक नियमानुसार आफूले लिएको पेस्की फछ्र्योट गर्न कार्यसमितिमा पेस गरिसक्नुपर्ने छ।

## १२. समीक्षा बैठक व्यवस्था

(१) राष्ट्रिय ललितकला प्रदर्शनी सम्पन्न भएको तेस्रो हप्ताभित्र प्रदर्शनीसम्बन्धी समीक्षा बैठक बस्ने छ।

(२) समीक्षा बैठकमा कार्यसमितिका संयोजकले समग्र प्रदर्शनीसम्बन्धी र प्रदेश समन्वय समित संयोजकले आ-आफ्नो जिम्माको प्रदेशको प्रादेशिक प्रतिवेदन प्रस्तुत गर्नुपर्ने छ।

## १३. निर्देशिका बनाउन सकिने

यस कार्यविधिअनुसार हुने कार्यलाई व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि यस कार्यविधिसँग नबाझिने गरी निर्देशिका बनाउन सकिने छ।

## १४. खारेजी र बचाउ

**राष्ट्रिय ललितकला प्रदर्शनी कार्यविधि २०७६** खारेज गरिएको छ। सो कार्यविधिअनुसार भएका कामकारबाही यसै कार्यविधिबमोजिम भएको मानिने छ।

-OO-

## अनुसूची १

**दफा ३ को खण्ड (क) को (१) सँग सम्बन्धित**

'नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान : अनुसन्धान, सिर्जना र सम्मान !'

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान

**NEPAL ACADEMY OF FINE ARTS**

k|fb]lzs nlntsnf k|bz{gL-========= tyf /fli6«o

**प्रकाशित मिति :** ............. **(ने.सं.** .....................)

**'सामाजिक रूपान्तरण : ललितकलाको अभियान'** भन्ने मूल भावमा रही नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान ऐन २०६४ को दफा ५ को खण्ड (ट) समेतको प्रयोजनका लागि राष्ट्रिय ललितकला प्रदर्शनी कार्यविधि-२०८० र प्रादेशिक ललितकला प्रदर्शनी कार्यविधि २०८० बमोजिम यस प्रज्ञा-प्रतिष्ठानद्वारा निम्न मितिमा निम्न प्रदेशमा आयोजना हुने प्रादेशिक ललितकला प्रदर्शनीमा प्रतियोगी/अप्रतियोगी कलाकृति र २०८१ जेठ १५ गते काठमाडौँमा हुने राष्ट्रिय ललितकला प्रदर्शनीमा अप्रतियोगी र आमन्त्रित कलाकृति बुझाउन प्रदेशका हकमा सम्बन्धित प्रदेशको निम्न स्थानमा र राष्ट्रिय प्रदर्शनीका हकमा यस नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान, नक्सालमा

तल उल्लिखित मितिभित्र आ-आफ्ना कलाकृतिहरू बुझाउन देशभरिका ललितकलाकर्मीहरूलाई हार्दिक आह्वान गरिन्छ । यो सूचना प्रतिष्ठानको वेवसाइट **www.nafanepal.org** र यस प्रतिष्ठानको आधिकारिक फेसबुक पेजमा समेत हेर्न सकिने छ ।
प्रादेशिक प्रदर्शनीमा समावेश भई छानिएका प्रतियोगी कलाकृति मात्र राष्ट्रिय ललितकला प्रदर्शनीमा प्रतियोगी कलाकृतिका रूपमा समावेश हुने प्रावधान रहेकाले आ-आफ्ना प्रदेशमा हुने प्रादेशिक प्रदर्शनीमा कलाकृति तोकिएको समयभित्रै बुझाउन हुनसमेत सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

## ❖ प्रादेशिक र राष्ट्रिय ललितकला प्रदर्शनीका लागि कलाकृति बुझाउने स्थान र मिति

**क) प्रादेशिक प्रदर्शनी**

| क.सं | प्रदेश | कलाकृति बुझाउनुपर्ने स्थान | सम्पर्क नं. | कलाकृति बुझाउने मिति | प्रदर्शनी सञ्चालन हुने मिति | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| १ | कोसी | | | | | |
| २ | मधेस | | | | | |
| ३ | बाग्मती | | | | | |
| ४ | गण्डकी | | | | | |
| ५ | लुम्बिनी | | | | | |
| ६ | कर्णाली | | | | | |
| ७ | सुदूरपश्चिम | | | | | |
| ख) | **राष्ट्रिय ललितकला प्रदर्शनी** | नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान नक्साल, काठमाडौँ | ०१-४५११७२९ | - | | |

## ❖ प्रदर्शनीसम्बन्धी नियमहरू :

(१) प्रदर्शनीमा सहभागी हुन चाहने कलाकारले अनुसूची १ अनुसारको प्रकाशित सूचनामा तोकिएको अवधिभित्र प्रतिष्ठानबाट र प्रदेशमा तोकिएको स्थानबाट उपलब्ध हुने अनुसूची २ अनुसारको फाराम अनिवार्य रूपमा भरी प्रादेशिक प्रदर्शनी हुने प्रदेशको तोकिएको स्थानमा र कुनै कारणवश प्रादेशिक प्रदर्शनी हुन नसकेका खण्डमा यस प्रतिष्ठानले तोकेको स्थानमा आफ्नो कलाकृति दर्ता गराउनुपर्ने छ ।

(२) अप्रतियोगी कलाकारले आफ्नो स्थायी ठेगाना रहेको प्रदेशमा हुने प्रादेशिक प्रदर्शनीमा वा सोझै राष्ट्रिय ललितकला प्रदर्शनीमा आ-आफ्ना कलाकृति बुझाउन सक्नेछन् तर प्रतियोगी कलाकार आफ्नो स्थायी ठेगाना रहेको प्रदेशमा हुने प्रादेशिक ललितकला प्रदर्शनीमा मात्र सहभागी हुन पाउनेछन् ।

३) प्रादेशिक ललितकला प्रदर्शनीमा समावेश भएका मध्ये राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश गर्नका लागि छनोट भएका प्रतियोगी र अप्रतियोगी कलाकृति मात्र राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश हुन सक्ने छन् ।

तर-

(क) प्रज्ञा-प्रतिष्ठानबाट आमन्त्रण गरिएका वा अन्य तोकिएका कलाकारका कलाकृति र प्रतियोगितामा समावेश नहुने अप्रतियोगी कलाकृतिका हकमा सोझै राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश गराउन सकिने छ र त्यस्ता कलाकृतिहरूमध्ये प्रज्ञा-प्रतिष्ठानबाट आमन्त्रण गरिएका र अन्य तोकिएका

कलाकारका कलाकृतिका लागि उपदफा (३) बमोजिम कलाकृति एक वर्षभित्रै सिर्जना गरिएका हुनुपर्ने र कुनै प्रदर्शनीमा समावेश नभएको हुनुपर्ने भन्ने तथा उपदफा (१४) बमोजिम छनोट/मूल्याङ्कन समितिले छनोट गरेपछि मात्र प्रदर्शनीमा समावेश गरिने भन्ने प्रावधान लागु हुने छैन तर विगतका राष्ट्रिय ललितकला प्रदर्शनीमा प्रदर्शित भइसकेका कलाकृतिहरू भने प्रदर्शनीका लागि मान्य हुने छैनन् । यस्ता आमन्त्रित वा तोकिएका अन्य कलाकारका कलाकृतिबाहेक अप्रतियोगी कलाकृतिका रूपमा सोझै राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश हुन दर्ता भएका कलाकृति पनि उपदफा (१४) को छनोट/मूल्याङ्कन समितिबाट छनोट भएपछि मात्र प्रदर्शनीमा समावेश हुन सक्ने छन् ।

(ख) कुनै कलाकारले आफ्नो कलाकृतिलाई प्रतियोगितामा समावेश नगर्ने भएमा कलाकृति बुझाउँदा भरिने फाराममा नै प्रस्ट रूपमा अप्रतियोगी भनी उल्लेख गरी बुझाउनुपर्ने छ । आफ्ना कलाकृति सिधै राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश गर्न चाहने अप्रतियोगी कलाकारले प्रादेशिक तथा स्थानीय रूपमा पाउने सुविधा पाउने छैनन् ।

(ग) सोझै राष्ट्रिय प्रदर्शनीमा आफ्नो कलाकृति बुझाउने अप्रतियोगी कलाकारहरूले आफ्ना कलाकृतिको डिजिटलप्रति पठाई छनोट/मूल्याङ्कन समितिबाट सो आधारमा छनोट भएपछि मात्र कलाकृति बुझाउन ल्याउन पनि सक्ने छन् ।

(३) प्रदर्शनीमा प्रतियोगिताका लागि समावेश गरिने कलाकृतिहरू र अप्रतियोगी कलाकृतिहरूसमेत एक वर्षभित्र रचना गरिएको मौलिक हुनुका साथै कुनै पनि प्रदर्शनीमा समावेश नभएको हुनुपर्ने छ तर प्रतिस्थापन कलाका हकमा २ वर्षभित्रको कामलाई पनि मान्यता दिइने छ ।

(४) हुबहु नक्कल गरिएको (Copy Work) कलाकृतिलाई प्रदर्शनीमा समावेश गराइने छैन ।

(५) कलाकृतिको माध्यम विविध हुन सक्ने छ ।

(६) प्रदर्शनीमा सहभागी हुने कलाकार अठार वर्ष उमेर पूरा गरेको नेपाली नागरिक हुनुपर्ने छ
तर नवप्रतिभा कलाकारका हकमा १६ वर्ष उमेर पुरा गरी २८ बर्ष ननाघेका नवप्रतिभा कलाकारका कलाकृतिहरू मात्र प्रतियोगितामा सामेल हुने गरी प्रदर्शनीमा समावेश गर्न सकिने छ ।

(७) प्रादेशिक प्रदर्शनीबाट राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश गर्न सिफारिस भई आएका नवप्रतिभा कलाकारका कलाकृतिहरूबिच मात्र प्रतियोगिता गराई नवप्रतिभा कलाकारका सबै विधाका कलाकृतिमध्ये एक विधामा उत्कृष्ट हुने कलाकृतिलाई 'उत्कृष्ट नवप्रतिभा ललितकला राष्ट्रिय पुरस्कार' प्रदान गरिने छ तर कम्तीमा ५ वटा कलाकृति सहभागी भएको अवस्थामा मात्र यो प्रतियोगिता गराइने छ ।

(८) सहभागी हुन चाहने कलाकारले कलाकृति बुझाउँदा निम्न कागजातहरू बुझाउनुपर्ने छ ।

(क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

(ख) पासपोर्ट साइजको कलाकारको फोटो १ प्रति

(ग) पोस्टकार्ड साइजको कलाकृतिको रङ्गिन फोटो १ प्रति

(घ) आफ्नो व्यक्तिगत विवरण (बायोडाटा)

(ङ) कलाकारले कलाकृतिको डिजिटल फाइल अनिवार्य रूपमा बुझाउनुपर्ने छ ।

(९) प्राप्त कलाकृतिलाई प्रदर्शनी वा प्रतियोगितामा सहभागिताका लागि कार्यविधि बमोजिमको छनोट/मूल्याङ्कन समितिले छनोट गरी बाग्मती प्रदेशका हकमा प्राज्ञपरिषद् र अन्य प्रदेशका हकमा प्राज्ञपरिषद् वा तोकिएको समतिमा सिफारिस गर्ने छ । छनोट समितिको सिफारिसलाई यथावत् रूपमा अनुमोदन गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सो तोकिएको समितिमा र अन्तिम अधिकार प्राज्ञपरिषद्मा रहने छ ।

(१०) प्रतियोगितामा सहभागी हुन चाहने कलाकारले फाराम शुल्कबापत तोकिएको रकम बुझाउनुपर्ने छ तर आमन्त्रित कलाकारले यो शुल्क बुझाउनुपर्ने छैन ।

(११) एक जना कलाकारले बढीमा कुनै पनि विधाका दुईओटासम्म कलाकृतिहरू बुझाउन सक्ने छन् ।

(१२) प्रादेशिक प्रदर्शनीबाट सिफारिस भई राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश गर्न छनोट भएका प्रतियोगी कलाकृतिमध्ये छनोट/मूल्याङ्कन समितिले मूल्याङ्कन गरी यस कार्यविधिको दफा ५ बमोजिम पुरस्कृत गर्नका लागि प्राज्ञपरिषद्समक्ष सिफरिस गर्ने छ ।

(१३) प्रादेशिक ललितकला प्रदर्शनीबाट राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश गर्न सिफारिस भई आएका कलाकृतिहरूमध्ये माथि उपदफा (१२) मा उल्लेख भएबमोजिम राष्ट्रिय पुरस्कारका लागि सिफारिस भएका कलाकृतिहरूबाहेक बाँकी कलाकृतिहरूमध्येबाट छनोट/मूल्याङ्कन समितिले मूल्याङ्कन गरी प्रदेशगत रूपमा प्रत्येक प्रदेशका लागि 'प्रदेश ललितकला प्रदर्शनी कार्यविधि २०८०' को दफा ५ मा व्यवस्था भएबमोजिम प्रादेशिक पुरस्कारका लागि प्राज्ञपरिषद्समक्ष सिफारिस गर्ने छ ।

(१४) प्रादेशिक प्रदर्शनीबाट नवप्रतिभा कलाकारका कलाकृतिको सूचीमा सिफारिस भई आएका कलाकृतिमध्ये सबै विधामा उत्कृष्ट एउटा कलाकृतिलाई उत्कृष्ट नवप्रतिभा ललितकला राष्ट्रिय पुरस्कार प्रदान गरिने छ ।

(१५) प्रादेशिक प्रदर्शनीबाट राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश गर्न सिफारिस भई आएका कलाकृतिलाई पुनः छनोट प्रक्रियामा राखिने छैन तर आमन्त्रण गरिएका वा तोकिएका अन्य कलाकृतिबाहेक अप्रतियोगी कलाकृतिका रूपमा प्रादेशिक प्रदर्शनी वा राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश गर्नका लागि दर्ता भएका कलाकृति भने छनोट/मूल्याङ्कन समितिको सिफारिसबमोजिम मात्र प्रदर्शनीमा समावेश गराइने छ ।

(१६) प्रदर्शनीमा राख्न उपयुक्त अप्रतियोगी कलाकृतिको छनोट गर्न र प्रादेशिक प्रदर्शनीबाट राष्ट्रिय प्रदर्शनीमा समावेश गर्न सिफारिस भई आएका प्रतियोगी कलाकृतिको मूल्याङ्कन गरी पुरस्कृत गर्नका लागि कार्यविधिबमोजिम कलाकृति छनोट/मूल्याङ्कन समिति बनाइने छ र सो समितिले कलाकृतिको मूल्याङ्कन गरी पुरस्कारका लागि प्राज्ञपरिषद्मा सिफारिस गर्ने छ । छनोट/मूल्याङ्कन समितिबाट सिफारिस भई आएका पुरस्कारहरूका सम्बन्धमा अन्तिम निर्णय गर्ने अधिकार प्राज्ञपरिषद्मा निहित रहने छ ।

(१७) एक जना कलाकार लगातार तीन पटक ( लगातार तीनओटा राष्ट्रिय ललितकला प्रदर्शनीमा) सम्म पुरस्कृत हुन सक्ने छ । लगातार तीन पटकसम्म सर्वोत्कृष्ट राष्ट्रिय पुरस्कार पाएमा त्यस्तो कलाकारलाई ललितकला प्रज्ञा स्वर्ण पदक प्रदान गरिने छ ।

(१८) प्रादेशिक प्रदर्शनीमा समावेश भई राष्ट्रिय ललितकला प्रदर्शनीका लागि छनोट भएका कलाकृति प्रतिष्ठानकै तर्फबाट प्रदेश देखि केन्द्रसम्म ल्याउने र प्रदर्शनी समाप्त भएपछि सम्बन्धित प्रदेशसम्म पुऱ्याउने व्यवस्था गरिने छ । त्यसरी प्रदेशमा पुऱ्याइएका कलाकृति प्रदेशमा पुऱ्याएको एक हप्ताभित्र र राष्ट्रिय प्रदर्शनीमा सोझै समावेश भएका वा काठमाडौंमा आयोजना भएको बागमती प्रादेशिक प्रदर्शनीमाबाट छनोट भई राष्ट्रिय प्रदर्शनीमा समावेस भएका कलाकृतिहरू राष्ट्रिय प्रदर्शनी सकिएको एक हप्ताभित्र र प्रादेशिक प्रदर्शनीका लागि छनोट नभएका वा प्रादेशिक प्रदर्शनीमा समावेस भई राष्ट्रिय प्रदर्शनीका लागि छनोट नभएका कलाकृतिहरु त्यसरी छनोट नभएका सात दिन भित्र सम्बन्धित व्यक्तिले फिर्ता लैजानुपर्ने छ । तोकिएको समयभित्र फिर्ता नलगी कलाकृति हराएमा, बिग्रिएमा वा कुनै हानि-नोक्सानी भएमा प्रतिष्ठान जिम्मेवार हुने छैन ।

(१९) भवितव्य परी कुनै पनि कलाकृतिहरूको हानि नोक्सानी हुन गएमा प्रतिष्ठान जबाफदेही हुने छैन ।

(२०) प्रदर्शनीलाई समयबद्ध र व्यवस्थित रूपमा सञ्चालन गर्न प्रत्येक वर्ष राष्ट्रिय तथा प्रादेशिक ललितकला प्रदर्शनीको प्रक्रिया सुरु हुनुभन्दा अगाडि नै प्राज्ञपरिषद्बाट प्रदर्शनीको कार्यतालिका (क्यालेन्डर) तयार गर्नुपर्ने छ र यसरी तयार भएको कार्यतालिका यस कार्यविधिको अभिन्न अङ्ग हुने छ ।

❖ **प्रदर्शनीमा निम्न विधाका कलाकृतिका निम्न मापदण्डबमोजिमका मौलिक कलाकृतिहरू मात्र समावेश गरिने छ।**

**१) चित्रकला :** (क) समसामयिक चित्रकला : न्यूनतम आकार २×२ र अधिकतम आकार ६×६ फिटसम्मको हुनुपर्ने छ।

(ख) परम्परागत चित्रकला : न्यूनतम आकार १×१ र अधिकतम आकार ६×६ फिटसम्मको हुनुपर्ने छ।

(ग) मुद्रणकला छायाचित्र (प्रिन्टमेकिङ्ग) कला : न्यूनतम आकार १×१ र अधिकतम आकार ६×६ फिटसम्मको हुनुपर्ने छ।

**२) मूर्तिकला :** स्ट्यान्ड वा प्याडेस्टलबाहेक न्यूनतम १ फिट माथिको र अधिकतम ६×६×६ फिटसम्म हुनुपर्ने छ। सजिलैसँग टुटफुट हुनसक्ने किसिमका मूर्तिहरू टुटफुट हुन गएमा प्रतिष्ठान जिम्मेवार हुने छैन।

**३) वास्तुकला तथा अन्य सिर्जनात्मक (बहुआयामिक) कला :**

**(क) वास्तुकला (शास्त्रीय) (Classic Architecture)** मौलिक र सोको सिर्जनात्मक मोडेल घटीमा (बेसमेन्टबाहेक) २×१.५×१ र बढीमा ६×४×३ फिटसम्मको हुनुपर्ने छ। साथै त्यसको ड्रइङ/स्केचसमेत पेस गरेको हुनुपर्ने छ।

**(ख) सिर्जनात्मक छविकला (Creative Photography) :** फ्रेमसहित कम्तीमा १५×२२ देखि बढीमा २४×३६ इन्चसम्मको हुनुपर्ने छ।

**(ग) भिडियो आर्ट :** बढीमा २ वटा क्लिपसम्म अधिकतम ३ मिनेटका Pendrive मा सम्पादनसहितको २ थान पेस गर्नुपर्ने छ।

**(घ) प्रतिस्थापन कला (Installation Art)** : प्रतिस्थापन कला प्रदर्शनीमा राख्न चाहने कलाकारले कलाकृति बुझाउन तोकिएको अन्तिम म्यादभित्रै बढीमा २०० शब्दको अवधारणा-पत्र (Concept Paper) अनिवार्य रूपमा बुझाउनुपर्ने छ। साथमा तीन/चार साइडको एक/एकप्रति तस्बिर पनि पेस गर्नुपर्ने छ। प्रदर्शनीका लागि गठित छनोट/मूल्याङ्कन समितिको बैठक बस्नुभन्दा तीन दिनअगाडि नै (कलाकारलाई बैठक बस्ने दिन सम्बन्धमा प्रतिष्ठानले जानकारी गराउने छ) प्रतिष्ठानद्वारा तोकेको स्थान, मिति र समयमा बढीमा २०० वर्ग फिट क्षेत्रमा आफ्नो कलाकृति प्रदर्शित गर्नुपर्ने छ। छनोट/मूल्याङ्कन समितिबाट मूल्याङ्कन भएपछि प्रदर्शनी सुरु हुनुभन्दा ३ दिन अगाडि नै तोकिएको बढीमा २०० वर्ग फिट क्षेत्रमा आफ्नो कलाकृति प्रदर्शनका लागि प्रतिस्थापन गरिसक्नुपर्ने छ।

(ङ) **भावभङ्गिमा कला (Performance Arts) :** राष्ट्रिय ललितकला प्रदर्शनीमा कलाकृति बुझाउन तोकिएको म्यादभित्रै तोकिएको दरखास्तसाथ बढीमा २०० शब्दको अवधारणा-पत्र प्रस्तुत गरी सो कलाको बढीमा ५ मिनेटसम्मको भिडियो क्लिप अनिवार्य बुझाउनुपर्ने छ। उक्त भिडियो क्लिप छनोट/मूल्याङ्कन समितिले तोकेको मिति, समय र स्थानमा प्रस्तुत गर्नुपर्ने छ।

**(च) मौलिक दृष्टान्त चित्रकला, कार्टुन, क्यारिकेचर, पोस्टर र डिजिटल कला:**

**(अ) मौलिक दृष्टान्त चित्रकला :** मौलिक दृष्टान्त कलाको न्यूनतम आकार ८X१२ र अधिकतम १४X२४ इन्चसम्मको एक वा एकभन्दा बढी शृङ्खला हुनुपर्ने छ।

**(आ) कार्टुन, क्यारिकेचर, पोस्टर र डिजिटल कला :** न्यूनतम आकार १५ ×२२ इन्च र अधिकतम २४×३६ इन्चसम्मको हुनुपर्ने छ।

४) **लोककला** : न्यूनतम आकार १×१ र अधिकतम आकार ६×६ फिटसम्मको हुनुपर्ने छ।

५) **हस्तकला** : न्यूनतम आकार ६ इन्चदेखि अधिकतम आकार ७२ इन्चसम्मको हुनुपर्ने छ।

**❖पुरस्कारको व्यवस्था**

१) प्रादेशिक ललितकला प्रदर्शनीमा समावेश भई सो प्रदर्शनीबाट राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश गर्न सिफारिस भई राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश भएका कलाकृतिहरूमध्ये उत्कृष्ट कलाकृतिलाई निम्नअनुसार पुरस्कारको व्यवस्था गरिने छ।

(क) सर्वोत्कृष्ट राष्ट्रिय ललितकला पुरस्कार
(ख) ललितकला विधागत पुरस्कार
(ग) उत्कृष्ट नवप्रतिभा ललितकला राष्ट्रिय पुरस्कार

**(क) सर्वोत्कृष्ट राष्ट्रिय ललितकला पुरस्कार - सबै विधाहरूमध्येबाट सर्वोत्कृष्ट एक जनालाई रु.१,००,०००/-**

(ख) ललितकला विधागत (राष्ट्रिय) पुरस्कार निम्नअनुसार दिइने छः

| | | | |
|---|---|---|---|
| १. चित्रकला | | | |
| (क) परम्परागत चित्रकला | - | एक जनालाई | रु. ६०,०००/- |
| (ख) समसामयिक/आधुनिक चित्रकला | - | एक जनालाई | रु. ६०,०००/- |
| २. मूर्तिकला | | | |
| (क) परम्परागत मूर्तिकला | - | एक जनालाई | रु. ६०,०००/- |
| (ख) समसामयिक/आधुनिक मूर्तिकला | - | एक जनालाई | रु. ६०,०००/- |
| ३. शिल्प -हस्तकला | - | एक जनालाई | रु. ६०,०००/- |
| ४. वास्तुकला तथा लोककला ( चित्र/मूर्ति ) | - | दुई जनालाई | रु. ६०,०००/-(प्रति व्यक्ति) |
| ५. बहुआयामिक तथा अन्य सिर्जनात्मक कला | - | दुई जनालाई | रु. ६०,०००/- |
| ६. उत्कृष्ट नवप्रतिभा ललितकला राष्ट्रिय पुरस्कार | - | एक जनालाई | रु. ६०,०००/- |

२) माथि उल्लिखित राष्ट्रिय स्तरका पुरस्कारका लागि कलाकृतिको मूल्याङ्कन गरी सिफारिस गरिसकेपछि छनोट/मूल्याङ्कन समितिले राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश भई केन्द्रीय स्तरको पुरस्कार नपाएका प्रतियोगी कलाकृतिहरूमध्येबाट प्रदेशगत रूपमा मूल्याङ्कन गरी प्रदेशगत रूपमा निम्नानुसार प्रादेशिक ललितकला पुरस्कार दिइने छ ।

| | | | |
|---|---|---|---|
| १. उत्कृष्ट प्रादेशिक ललितकला | एक जनालाई | - | रु. ५०,०००/- |
| २. विधागत प्रादेशिक पुरस्कार | | | |
| (क) चित्रकला | | | |
| क.परम्परागत चित्रकला | - | एक जनालाई | रु. ३०,०००/- |
| ख.समसामयिक चित्रकला | - | एक जनालाई | रु. ३०,०००/- |
| (ख) मूर्तिकला | | | |
| क.परम्परागत लोक/मूर्तिकला | - | एक जनालाई | रु. ३०,०००/- |
| ख.समसामयिक/आधुनिक मूर्तिकला | - | एक जनालाई | रु. ३०,०००/- |
| (ग) शिल्पकला-हस्तकला | - | एक जनालाई | रु. ३०,०००/- |
| (घ) लोककला | - | एक जनालाई | रु. ३०,०००/- |
| (ङ) वास्तुकला तथा अन्य सिर्जनात्मक (बहुआयामिक) कला | - | दुई जनालाई | रु. ३०,०००/- |
| ३. नव प्रतिभा ललितकला प्रादेशिक पुरस्कार | - | एक जनालाई | रु. ३०,०००/- |

नोट :

- संलग्न कलाकार प्रश्नावली फारम भर्नुपर्ने छ ।
- यस सूचनामा प्रस्ट नभएका कुराहरूको व्याख्या प्राज्ञपरिषद्ले गर्ने छ ।
- प्रदर्शनी मिति तलमाथि हुन सक्ने छ ।

नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठान, नक्साल, काठमाडौँ ।
टेलिफोन :०१-४५११७२९/०१-४५११६४५ E-mail: info@nafanepal.org
वेवसाइट : www.nafanepal.org

**अनुसूची २**

**दफा ३ को खण्ड (क) को (१) सँग सम्बन्धित**

**प्रादेशिक ललितकला प्रदर्शनी-२०८०/राष्ट्रिय ललितकला प्रदर्शनी-२०८१**

**Provincial and National Exhibition of Fine Arts-2024**

कलाकृति दर्ता फाराम

**Artwork Registration**

दर्ता नं. :
Registration No. :
मिति :
Date :

कलाकारको फोटो

**१.व्यक्तिगत विवरण -**

कलाकारको नाम :
Artist Name:
ठेगाना :
Address :
सम्पर्क नं. :
Contact Number :
जन्ममिति :
Date of Birth :
शैक्षिक योग्यता :
Academic Qualification :
इमेल :
E-mail :
लिङ्ग :
Gender :
प्रदेश :
Province :

**२. कलाकृतिको विवरण**

क) शीर्षक (Title) :
ख) विधा (Genare):
ग) कलाकृति सङ्ख्या (Number of arts) :
घ) प्रतियोगी/अप्रतियोगी/नवप्रतिभा प्रतियोगी (Competitor/Non Competitor/new talent competitor) :
ङ) माध्यम (Medium):
च) साइज (Size):
छ) मूल्य (Price):
ज) कलाकृतिको मुख्य धारणा (Theme) :

१) यो कलाकृति एक वर्षभित्र सिर्जना गरिएको मेरो आफ्नै मौलिक कलाकृति हो ।
२) यो कलाकृति यसअघि कुनै प्रदर्शनीमा राखिएको छैन ।
माथि लेखिएको सबै बेहोरा ठिक साँचो हो । फरक परेमा वा झुटा ठहरेमा नियमानुसार कारबाही भएमा मञ्जुर छ ।

**३.संलग्न-**

१) कलाकारको व्यक्तिगत विवरण (Bio–data)
२) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि । (सक्कल प्रमाणपत्र अनिवार्य)
३) पोस्टकार्ड साइजको रङ्गिन फोटो एकप्रति

नोटः- १) एक जना कलाकारले दुईवटासम्म कलाकृति समावेश गर्न सकिने छ ।
२) ठेगाना जुन प्रदेशको छ कलाकृति सोही प्रदेशमा बुझाउनुपर्ने छ ।
३) दरखास्त फारम बुझाउँदा रु.२००/- शुल्क लाग्ने छ ।

हस्ताक्षर :
Signature :
मिति :
Date:

**नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठान, नक्साल, काठमाडौं ।**
**टेलिफोन :४४११७२९/४४११६४५; E-mail: info@nafanepal.org ; वेवसाइट : www.nafanepal.org**